नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/३/२२ गते ।

## प्रेस विज्ञप्ती- ११५

### "कर्तब्य ज्यान तथा जवरजस्ती करणी मुद्दाका फरार प्रतिवादीहरु पक्राउ"

यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले भागी फरार रहेका तपसिलमा उल्लेखित प्रतिवादीहरुलाई मिति २०७९/०३/२१ गते खोजतलासको क्रममा वाँके जिल्लाको जमुनाहा स्थित नेपाल-भारत सिमावर्ति क्षेत्रमा फेला पारी पक्राउ गरेको ब्यहोरा सूचित गरिन्छ ।

प्रतिवादी अच्छन अलि अन्सारीले मिति २०७५/०३/३१ गते, दाईजो कम ल्याएको भन्ने कुरामा निहु खोजी विवाद गरी शारीरिक र मानसिक यातना दिने क्रममा आफ्नै पत्नी रुवी अन्सारीलाई कुटपिट गरी टाउकोमा लाठी र भाला प्रहार गर्दा घाईते भएकी रुवी अन्सारीको उपचारको क्रममा मिति २०७५/०४/२१ गते भारतको लखनउमा मृत्यू भएको **कर्तब्यज्यान मुद्दा** र मिति २०७०/०५/०७ गते, अं. १४:०० बजेको समयमा प्रतिवादी जोहरु भाट समेतका दुई जनाले जिल्ला बाँके सोनपुर गा.वि.स. वडा नं. २ स्थित गिजरा सामुदायिक वनमा दाउरा खोज्न गएकी महिलालाई एक्लै फेला पारी सामुहिक **जवरजस्ती करणी गरेको मुद्दामा** सम्मानित बाँके जिल्ला अदालतबाट निज प्रतिवादीहरुको हकमा गरेको फैसला कार्यान्वयनको लागि निजहरुलाई आज मिति २०७९/०३/२२ गते सम्मानित बाँके जिल्ला अदालतमा पेश गरेको ब्यहोरा जानकारी गराईन्छ ।

**पक्राउ प्रतिवादीहरु:-**

१) **नाम:** अच्छन अलि अन्सारी
**उमेर:** ३३ बर्ष
**ठेगाना:** जिल्ला वांके नेपालगंज उपमहानगरपालिका वडा नं. साविक ५ हाल ६, कसाईटोल बस्ने ।
**मुद्दा:** कर्तब्य ज्यान
**सजाय:** २०(बीस) बर्ष कैद
**फैसला मिति:** २०७७/१२/०९
**पक्राउ मिति:** २०७९/०३/२१



**पक्राउ स्थान:** जमुनाहा, वाँके

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्युरो

२) **नामः** जोहरु भाट



**उमेरः** ३४ बर्ष

**ठेगानाः** जिल्ला बाँके सोनपुर गा.बि.स. वडा नं. ९ बस्ने

**मुद्दाः** जबरजस्ती करणी

**सजायः** ७(सात) बर्ष कैद र क्षतिपूर्ति वापत रु. ५०,०००/-

**फैसला मितिः** २०७८/०३/१४

**पक्राउ मितिः** २०७९/०३/२१

**पक्राउ स्थानः** जमुनाहा, बाँके

**उप निर्देशक**
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बरः ९८५१२९१३११
**मितिः २०७९/०३/२२ गते।**